United Nations Educational, Scientific and Cultural Organization
Nepal National Commission for UNESCO

# युनेस्को बुलेटिन

UNESCO BULLETIN

चौमासिक बुलेटिन

वर्ष ४७ अङ्क २ मंसिर – फागुन, २०७६

Year - 47 Edition-2, December 2019 - March 2020

## बुलेटिनमा समावेस गरिएका विषयवस्तु

- भूमण्डलीय नागरिक शिक्षा विषयक २ दिवसीय कार्यशाला गोष्ठी
- युनेस्कोको नवप्रवर्तनहरूको प्रचार प्रसार सम्बन्धी कार्यशाला गोष्ठी, ओखलढुंगा २०७६ साल फागुन ३ गते
- एएसपिनेटको २ दिवसिय कार्यशाला
- दिगो विकासका लागि शिक्षा सम्बन्धी कार्यक्रम
- बालचित्र डायरी राष्ट्रिय प्रदर्शनी कार्यक्रम २०७६
- दिगो विकासका लागि शिक्षा सम्बन्धी Nepal National Frame work for Action का विभिन्न बैठक छलफल
- विभिन्न विषय समितिका बैठक, युनेस्को सहभागितामूलक कार्यक्रम प्रस्ताव छनौट मूल्यांकन

## विषयवस्तुहरु

- विश्व नागरिक शिक्षा (Global Citizenship Education)
  - दिगो विकासका लागि शिक्षा सम्बन्धी कार्यशाला
  - युनेस्कोको नवप्रवर्तन सम्बन्धी कार्यशाला गोष्ठी
  - विभिन्न विषय समितिका बैठक तथा कार्यक्रमहरू
  - बालचित्र डायरी कार्यक्रम
  - विविध

## सम्पादकीय

युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालले युनेस्कोका आदर्शहरूको प्रचार प्रसार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय मार्फत नेपाल सरकारसँग आवश्यक समन्वय गरी युनेस्कोको प्रधान कार्यालय, क्षेत्रीय कार्यालय र फिल्ड अफिससँग समन्वय गर्दै दिगो विकासको लागि शिक्षाका लक्ष्य प्राप्तीका लागि समन्वय र सहकार्य गर्ने, युनस्को पेरिसको सहयोगमा सञ्चालनमा रहेका परियोजनाहरू सञ्चालन, व्यवस्थापनमा आवश्यक समन्वय गर्ने र सञ्चालनमा रहेका परियोजनाले परियोजना प्रस्तावमा उल्लेख भएका लक्ष्य र उद्देश्यहरू हासिल गरे नगरेको सम्बन्धमा आवश्यक अनुगमन तथा मूल्याङ्कन गर्ने कार्य गर्दै आईरहेको छ। यस बुलेटिनमा आ.ब. २०७६।०७७ को दोस्रो चौमासिकमा सम्पादन गरिएका कार्यक्रमहरू दिगो विकासलागि शिक्षा लक्ष्य नं ४ को गुणस्तरीय शिक्षा प्राप्तीका लागि गरिनु पर्ने कार्यक्रमहरूको बारेमा स्थानीय जनप्रतिनिधि, पत्रकार, शिक्षक र स्थानीय बुद्धिजीवीहरू बीच छलफल अर्न्तक्रियाका साथै भूमण्डलीय नागरिकको हैसियतले भूमण्डलीय नागरिक शिक्षाको बारेमा बहस अर्न्तक्रिया गरिएको युनेस्कोका नवप्रवर्तनहरू र युनेस्कोको निमित्त नेपाल राष्ट्रिय आयोग अर्न्तगत गठन भएका विभिन्न समितिहरूको बैठक र सोबाट प्राप्त उपलब्धिहरूको बारेमा यस अङ्कमा चर्चा गरिएको छ। युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयले शिक्षा,संस्कृति,विज्ञान,आमसञ्चार, सामाजिक क्षेत्रका प्रमुख विषय क्षेत्रलाई लिएर विश्व शान्ति र समृद्धिका लागि समर्पित युनेस्कोको अवधारणा तथा अभियानहरूलाई मार्गदर्शकका रुपमा लिएर अगाडि बढिरहेको छ। यस सामाग्रीले सबै सरोकारवालाहरूलाई सहयोग पुग्ने अपेक्षा गरिएको छ।

United Nations Educational, Scientific and Cultural Organization

Nepal National Commission for UNESCO

# सार संक्षेप

युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको बार्षिक कार्यक्रम अन्र्तगत दिगो विकासका लक्ष्य नं. ४ मा रहेको गुणस्तरीय शिक्षा प्राप्तीका लागि विभिन्न राज्यका विभिन्न तहका सरकार बीच शैक्षिक बहस गर्ने, उपलब्धि प्राप्तिका लागि निश्चित कार्ययोजना तर्जुमा गर्न लगाउने र सो बमोजिमका कार्यक्रम सञ्चालन तथा व्यवस्थापनकालागि सामुहिक रुपमा प्रतिबद्धता जनाउन लगाउने, युनेस्कोका आदर्शहरू शान्ति मैत्री तथा आपसी सद्भाव, सहनशीलता, मानव अधिकारको सम्मान, सहकार्य सामूहिक प्रयास, सामाजिक न्याय तथा उपलव्धिको न्यायोचित वितरण, रचनात्मक सिर्जनशीलताद्वारा शान्ति, प्रगति तथा समृद्धिको प्रवर्द्धन र संस्थागत विकास जस्ता विभिन्न पक्षहरूका बारेमा सरोकारवालहरूलाई जानकारी गराउन दिगो विकासको लक्ष्य, विश्वनागरिक शिक्षा, युनेस्कोकोको नवप्रवर्तनहरूको प्रचार प्रसार, एएसपिनेटका गतिविधिहरू, बालचित्र डायरी प्रतियोगिता जस्ता कार्यक्रम दोस्रो चौमासिक अवधिमा सञ्चालन गरिएको छ।

दोस्रो चौमासिकमा सञ्चालन भएका कार्यक्रमको माध्यमबाट युनेस्कोका गतिविधिहरूको बारेमा स्थानीय सरकारका जनप्रतिनिधिहरू, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, स्थानीय पत्रकार, बुद्धिजिवी, विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरूलाई दिगो विकासका लक्ष्य नं. ४ रहेको "to ensure inclusive and equitable quality education and promote life long learning opportunities for all" का सन्दर्भमा गुणस्तरीय शिक्षा प्राप्त गर्न सरोकारवालाहरूले खेल्नु पर्ने भूमिका र प्रतिबद्धताका बारेमा जानकारी गराउनुका साथै भूमण्डलीय नागरिक शिक्षा, दिगो विकासका लागि शिक्षा सम्बन्धी गोष्ठी, युनेस्को आबद्ध विद्यालय परियोजना सञ्जाल सम्बन्धी कार्यशाला गोष्ठीबाट आवश्यक पृष्ठपोषण प्राप्त गर्नुका साथै दिगो विकासका लागि शिक्षाका लक्ष्यहरूको बारेमा नेपालको अवस्था के छ ? स्थानीय सरकारको स्थिति के कस्तो छ ? कसरी राष्ट्रिय लक्ष्यमा पुग्न सकिने भन्ने सम्बन्धमा विद्यमान शैक्षिक नीतिका आधारमा सरोकारवालाहरू बीच छलफल एवम् अर्न्तकृयात्मक गोष्ठीको माध्यमबाट प्राप्त सिकाइहरूलाई एक आपसमा अनुभव आदान प्रदान गर्दा राम्रा र असल अभ्यासहरूलाई एक स्थानीय तहबाट अन्य स्थानीयतहलाई कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्न सघाउ पुग्नु, विद्यालयहरूले गरेका राम्रा अभ्यासहरूको अनुभव आदान प्रदानबाट विद्यालय सुधार योजना निर्माण, विद्यालय सञ्चालन तथा व्यवस्थापनमा सघाउ पुग्नुलाई यस सचिवालयबाट दोस्रो चौमासिक अवधिमा सञ्चालन भएका कार्यक्रमको उपलब्धिको रुपमा लिइएको छ।

# विश्व नागरिक शिक्षा

## Global Citizenship Education

युनेस्को सहभागितामूलक कार्यक्रम अन्तर्गत सुर्खेतमा “Promoting Global Citizenship Education through Strengthening Schools विषयक कार्यक्रम सञ्चालन गरिएको थियो। विश्व नागरिक शिक्षाले जलवायु परिवर्तन, दिगो विकासका लागि शिक्षा, मानव अधिकार शिक्षा, शान्ति शिक्षाको भूमिकालाई बढी सशक्त बनाई सचेत, सभ्य, सक्षम, कर्मठ, उद्यमशिल र सक्रिय युवा वर्ग तयार पार्ने र युनेस्कोका उद्देश्य, आदर्श तथा अवधारणाहरूलाई स्थानीय तहसम्म पुऱ्याउनेका साथै अर्न्तराष्ट्रिय रूपमा नेपालले गरेको प्रतिबद्धता बमोजिम दिगो विकासको लक्ष्य नं. ४ को ४.७ का सूचकहरूसँग सम्बन्धित भूमण्डलीय नागरिक शिक्षाका सन्दर्भमा प्रत्येक व्यक्तिले हरेक ढंगबाट आफूलाई सुव्यवस्थित बनाई असल र सभ्य नागरिकको रुपमा रुपान्तरण गर्ने कार्यलाई समग्रमा विश्व नागरिक शिक्षाको नामले चिनिन्छ।

भुमण्डलीय नागरिक शिक्षा, जलवायु परिवर्तन, दिगो विकासका लागि शिक्षा, मानव अधिकार शिक्षा, शान्ति शिक्षाको भूमिकालाई बढी सशक्त बनाई सचेत, सभ्य, सक्षम, कर्मठ, उद्यमशिल र सक्रिय युवा वर्ग तयार पार्ने युनेस्कोको अभियानमा प्रतिबद्ध युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगले सुर्खेतमा २०७६ साल मंसिर २० र २१ गते “Promoting Global Citizenship Education through Strengthening Schools" विषयमा कार्यशाला गोष्ठी सञ्चालन भएको थियो।

युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयले सञ्चालन गरेको “Promoting Global Citizenship Education through Strengthening Schools" कार्यशाला गोष्ठीमा शिक्षा विकास तथा समन्वय इकाइ प्रमुखहरू ( दैलेख, जाजरकोट, सुर्खेत, रुकुम पश्चिम, सल्यान) शिक्षा विकास निर्देशनालय सुर्खेत, शिक्षा विकास तालिम केन्द्र, सामाजिक विकास मन्त्रालयका प्रतिनिधि, सुर्खेतका सबै स्थानीय तहका सामाजिकस समितिका संयोजक जनप्रतिनिधीहरू, स्थानीय तहका शिक्षा प्रमुख, स्थानीय तहका सामाजिक समितिका संयोजक, विद्यालयका प्रधानाध्यापक/शिक्षक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष/सदस्य, शिक्षक महासङ्घका प्रतिनिधि, शिक्षाको क्षेत्रमा कार्यगरिरहेका गैर सरकारी संस्थाहरूको सहभागिता रहेको कार्यक्रमको संयोजन शिक्षा विकास तथा समन्वय इकाइ सुर्खेतले गरेको थियो

कार्यक्रमको औचित्य एवं उद्देश्य माथि युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयका सचिवालय सचिव

खगराज पौड्यालले प्रकास पार्नु भएको थियो। शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख श्री नारायण प्रसाद पौडेलले सहभागीहरूलाई स्वागत गर्नु भएको थियो। विरेन्द्र नगर नगरपालिकाका प्रमुख, शिक्षा विकास निर्देशनालयका निर्देशक, सामाजिक विकास मन्त्रालयका उपसचिवहरूबाट कार्यशालाको सफलताको लागि शुभकामना दिनु भएको थियो।

समग्रमा कार्यक्रमको उद्देश्य निम्नानुसार रहेको थियो।

१) विश्वनागरिक शिक्षाका वारेमा जानकारी गराउनु, विश्वनागरिक शिक्षाका सरोकारवाला पक्षहरूको वारेमा जानकारी गराउनु,

२) युनेस्कोसंग आवद्ध भएका विद्यालयहरूले गरेका अनुकरणीय कार्यहरूको वारेमा जानकारी गराउनका साथै अनुकरणीय कार्यहरूको आदान प्रदान गर्नु,

३) विद्यालयको अग्रसरतामा विश्व नागरिक शिक्षाका क्रियाकलापहरू के कसरी सञ्चालन गर्न सकिन्छ भन्ने वारेमा जानकारी गराउनु,

४) युनेस्कोसंग आवद्ध भई कसरी क्रियाकलाप गर्न सकिन्छ भन्ने वारेमा स्थानीय स्तरमा जानकारी गराउनु,

५) विद्यालय, कार्यालय, घर परिवार र समुदाय सफा, हरियाली, शान्त र सुरक्षित बनाउन कार्ययोजना निर्माण गरि सो बमोजिमका गतिविधिहरू सञ्चालन गर्नु,

कार्यक्रममा सचिवालय सचिव खगराज पौड्यालबाट विश्व नागरिक शिक्षालाई विद्यालय क्रियाकलापमा कसरी लागु गर्न सकिन्छ र यसको माध्यमबाट हाम्रा घर, समुदाय, कार्यालय र विद्यालयहरूलाई सफा, हरियाली, सुरक्षा एवम् शान्त बनाउन के कस्ता कार्य योजना निर्माण गरि कसरी लागु गर्न सकिन्छ भन्ने वारेमा प्रस्तुत गर्नुका साथै सहभागिहरूबीच अर्न्तक्रियात्मक कार्यक्रम सञ्चालन गरिएको थियो। विश्व नागरिक शिक्षालाई विद्यालय तहका साथै स्थानीय तहलाई कसरी जोड्न सकिन्छ भन्ने वारेमा चर्चा परिचर्चा गर्नु भएको थियो।

कार्यक्रममा दिगो विकासलाई विद्यालय क्रियाकलापमा कसरी लागु गर्न सकिन्छ र यसको माध्यमबाट हाम्रा विद्यालयहरूमा ग्रिन, क्लिन, सेफ र पिसका क्षेत्रमा के कसरी लागु गर्न सकिन्छ भन्ने सन्दर्भमा छलफल गरिएको थियो। दिगो विकासका लक्ष्यहरूको वारेमा सहभागीलाई जानकारीमूलक प्रस्तुती गर्नुका साथै जसमा दिगो विकासका लक्ष्यका विश्वव्यापी १७ वटा लक्ष्यको वारेमा चर्चा गरिएको थियो। त्यसै गरी शिक्षासंग सम्वन्धित लक्ष्य नं. ४ मा रहेको गुणस्तरीय शिक्षाको वारेमा विस्तृत रुपमा प्रस्तुतीकरण र छलफल गरिएको थियो।

समूह कार्यको माध्यमबाट विश्व नागरिकले दिगो विकासका लागि खेल्नु पर्ने भूमिका /असर चुनौतीहरू र समाधानका उपाय/विकल्पहरू केन्द्रित गराइएको थियो। यसैगरी जलवायु परिवर्तन, जैविक विविधता, प्रकोप न्युनीकरण र दिगो उपयोगका सम्बन्धमा समूहगत रुपमा छलफल गरिएको थियो।

## कार्यक्रमका केही झलकहरू




*ड्यासमा नगरप्रमुख, सामाजिक विकास मन्त्रालय र निर्देशनालयका प्रतिनिधिसमेतलाई सचिवालय सचिव खगराज पौड्यालबाट सम्बोधन हुँदै।*



समूहकार्यबाट प्राप्त निष्कर्ष प्रस्तुतिकरण हुदै




सहभागिहरूका तर्फबाट प्रस्तुतिकरण कार्य हुदै

## असल अभ्यास र अनुभव आदान प्रदानको क्रममा निम्नानुसारका प्राप्तीहरू थिए

- कर्णाली प्रदेश स्थितका शिक्षा विकास तथा समन्वय इकाइबाट सहभागि जनाउनु हुने इकाइ प्रमुखहरूले निश्चित कार्ययोजना तर्जुमा गरि विश्व नागरिक शिक्षाका गतिविधिहरूलाई अगाडि बढाउने प्रतिबद्धता ।
- विद्यालय र स्थानीय पालिकाहरूले हालको विद्यमान अवस्था भन्दा आगामी दिनमा निश्चित कार्ययोजान बनाई वातवरण हरियाली, स्वच्छ, सफा र सुरक्षित बनाउने प्रतिबद्धता ।
- युनेस्कोको आदर्श र मूल्य र मान्यता बमोजिम कृयाकलापहरू स्थानीय सरकारबाट समेत अगाडि बढाईने ।
- विश्व नागरिकको हैसियतले जलवायु परिवर्तन असर न्यूनीकरणको लागि विद्यालय, समुदाय, घरपरिवार, कार्यालयमा आफ्नो तहबाट क्रियाकलापहरू योजना बद्ध ढंगबाट अगाडि बढाइने ।
- दिगो विकासको लक्ष्य नं ४ गुणस्तरीय शिक्षाको सूचकहरू सन् २०३० सम्म प्राप्त गर्न विद्यालय र स्थानीय सरकारका तर्फबाट निश्चित कार्ययोजनाका साथ कार्यक्रक्रम तथा क्रियाकलापहरूलाई अगाडि बढाइने ।
- युनेस्को आयोग र यसका काम लगायत युनेस्को सचिवालयबाट सम्पादन हुने कार्यहरूको बारेमा जानकारी गराइएको ।

### ख) घोराही, दाङ

युनेस्को सहभागितामूलक कार्यक्रम अन्तर्गते "Promoting Global Citizenship Education through Strengthening Schools विषयक कार्यक्रम सञ्चालन गरिएको थियो । विश्व नागरिक शिक्षा, जलवायु परिवर्तन, दिगो विकासका लागि शिक्षा, मानव अधिकार शिक्षा, शान्ति शिक्षाको भूमिकालाई बढी सशक्त बनाई सचेत, सभ्य, सक्षम, कर्मठ, उद्यमशिल र सक्रिय युवा वर्ग तयार पार्ने युनेस्कोको अभियानमा प्रतिबद्ध युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगले युनेस्को सहभागितामूलक कार्यक्रम "Promoting Global Citizenship Education through Strengthening Schools" विषयमा कार्यशाला गोष्ठी मिति २०७६ पौष ११ र १२ गते घोराहि, दाङमा जिल्लामा सञ्चालन भएको थियो ।

युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयले सञ्चालन गरेको "Promoting Global Citizenship Education through Strengthening Schools" कार्यशाला गोष्ठीमा प्रदेश नं. ५ अन्तर्गतका शिक्षा विकास तथा समन्वय इकाइ तथा सो अन्तर्गतका केही विद्यालयका प्रधानाध्यापक, शिक्षक, स्थानीय तहका सामाजिक समितिका संयोजक, स्थानीय तहका शिक्षा प्रमुख, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष/सदस्य, शिक्षक महासङ्घका प्रतिनिधि, स्थानीय पत्रकार, शिक्षा सम्बन्धी कार्यगर्ने गैर सरकारी संस्थाका प्रतिनिधि

समेतको सहभागिता रहेको थियो । कार्यक्रमको संयोजन शिक्षा विकास तथा समन्वय इकाइ दाङले गरेको थियो ।

कार्यक्रमको औचित्य एवं उद्देश्य माथि युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयका सहायक महासचिव डा. बाबुराम अधिकारीले प्रकास पार्नु भएको थियो । शिक्षा विकास तथा समन्वय इकाइ दाङका प्रमुख श्री रामलाल खड्काले सहभागीहरूको स्वागत गर्नु भएको थियो । शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयका उप सचिव डा. ध्रुवराज रेग्मी र स्थानीय सरकारका जनप्रतिनिधिहरूले कार्यशालाको सफलताको लागि शुभकामना दिनु भएको थियो । रजना माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवम् माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीका प्रमुख सल्लाहकार श्री जीवन गौतमको अध्यक्षतामा कार्यक्रम सञ्चालन भएको थियो ।

कार्यक्रमका अध्यक्ष एवम् प्रमुख सल्लाहकार जीवन गौतमले सबै तह र निकायको आवश्यक समन्वय र सहकार्यमा दिगो विकासको लक्ष्य नं. ४ मा रहेको गुणस्तरीय शिक्षा प्राप्त गर्न सकिने भएकाले विभिन्न शैक्षिक सूचकहरूलाई विश्लेषणात्मक ढंगले अध्ययन गरि हालको विद्यमान अवस्था र राज्यले राखेको लक्ष्यको आधारमा निश्चित कार्ययोजना निर्माण गरि क्रियाकलापहरूलाई अगाडि बढाउदा दिगो विकासको लक्ष्य प्राप्त गर्न सकिने र त्यसमा पनि विश्व नागरिकको हैसियतले सबैले आफ्नो विद्यालय, कार्यालय, समुदाय र घरपरिवारको बातावरण हरियाली, स्वच्छ, शान्त र सुरक्षित बनाउनु पर्ने कुरामा जोड दिनुभयो ।

युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयका सहायक महासचिव डा. बाबुराम अधिकारीले युनेस्कोको स्थापना, आदर्शका साथै दिगो विकासको लक्ष्य नं. ४ मा रहेको गुणस्तरीय शिक्षा प्राप्त गर्न निर्धारण गरिएका लक्ष्य प्राप्त गर्न सबै तह र तप्काबाट आवश्यक सहयोग, सहकार्य र समन्वयको माध्यमबाट अगाडि बढ्नु पर्ने र यसको लागि निश्चित कार्ययोजना तर्जुमा गरी सोही बमोजिमका क्रियाकलापलाई अगाडि बढाइएको खण्डमा निर्धारित लक्ष्यमा पुग्न सकिने गरी सहभागिहरूबीच सहजिकरण गर्नुभयो ।



*सहजिकरणको क्रममा सहभागिहरू*



*सहजिकरणको क्रममा सहायक महासचिव डा. बाबुराम अधिकारी*



*कार्यक्रमका अध्यक्ष एवम् मा.मन्त्रीज्यूका प्रमुख सल्लाहकार जीवन गौतम मन्तव्यको क्रममा*

## कार्यक्रमका केही झलकहरू



*सहायक महासचिव डा. बाबुराम अधिकारी सहभागीहरूसँग अर्न्तक्रियात्मक कार्यक्रममा*



*उप सचिव डा. ध्रुवराज रेग्मी सहजीकरणको क्रममा*



दाङमा सहभागिहरू



समूहकार्यको प्रस्तुतिकरणमा सहभागी

कार्यशाला गोष्ठीमा उप-सचिव डा.ध्रुवराज रेग्मी, शाखा अधिकृत कुमार बस्नेत, प्राविधिक अधिकृत पदमराज जोशी समेतबाट दिगो विकासको लक्ष्य नं. ४.७ मा रहेको विश्व नागरिक शिक्षा, दिगो विकासको लक्ष्य नं. ४ मा रहेका राज्यले सन् २०३० सम्म प्राप्त गर्ने गरि निर्धारण शैक्षिक सूचकहरू प्राप्तिको लागि जिल्ला तथा स्थानीय तहले खेल्नु पर्ने भूमिका र यसको लागि निश्चित कार्य योजना तर्जुमा गरि अघि बढ्नु पर्ने विषय क्षेत्रमा अर्न्तक्रिया तथा छलफल भएको थियो ।

## कार्यक्रमका उपलब्धिहरू:

- दिगो विकासको लक्ष्य र विश्व नागरिक शिक्षाको बारेमा जानकारी हुनु ।
- कार्ययोजना बनाइ विद्यालय, कार्यालय, समुदाय र घरपरिवारको वातावरण सफा, स्वच्छ र हरियाली बनाउने प्रतिबद्धता
- स्थानीय पर्यटकीय क्षेत्र प्रबर्द्धनको लागि स्थानीय सरकार र विद्यालयले खेल्नु पर्ने भूमिकाको बारेमा जानकारी गराउने ।
- आवश्यकता पहिचान गरि सो बमोजिमका कार्यक्रम तर्जुमा गर्ने
- स्थानीय सरकारले विभिन्न खालका सचेतनामूलक कार्यक्रम सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक कार्ययोजना सहित बजेट विनियोजन गर्ने प्रतिबद्धता ।

# युनेस्कोको नवप्रवर्तनहरूको प्रचार प्रसार सम्बन्धी कार्यशाला गोष्ठी

**क) ओखलढुङ्गा**

शिक्षाको माध्यमबाट मानव मष्तिष्कमा शान्तिको विजारोपण गरौ भन्ने अभिप्रायका साथ युनेस्कोका विषयक्षेत्रहरू मध्ये जलवायु परिवर्तन, दिगो विकासका लागि शिक्षा, भुमण्डलीय नागरिक शिक्षा, मानव अधिकार शिक्षा, शान्ति शिक्षाको भूमिकालाई बढी सशक्त बनाई सचेत, सभ्य, सक्षम, कर्मठ, उद्यमशिल र सक्रिय युवा वर्ग तयार पार्ने युनेस्कोको अभियानमा प्रतिबद्ध युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयले **"युनेस्कोका नवप्रवर्तनहरूको प्रचार प्रसार"** विषयक कार्यशाला गोष्ठी सञ्चालन भएको थियो ।

**कार्यक्रमको उद्देश्य :**

१) युनेस्कोको निमित्त नेपाल राष्ट्रिय आयोग र यसका कार्यक्रम तथा कार्य क्षेत्रको जानकारी गराउनु ।

२) Sustainable Development Goals SDG4 and Its Indicator and Global Citizenship Education को वारेमा जानकारी गराउनु ।

३) पालिकाका असल अभ्यासहरूको बारेमा छलफल गरि आगामी

दिनमा निश्चित कार्ययोजनाको प्रस्तावित खाँका तयार पार्न सहयोग गर्नु ।

४) युनेस्को र युनेस्कोका क्रियाकलापहरूको वारेमा स्थानीय स्तरमा जानकारी गराउनु ।

५) मेरो पकेट मेरो डस्टविनको मान्यतालाई आधारमान्दै विद्यालय, घर, समुदाय, कार्यालयलाई हरियाली बनाऔ, शान्त, सफा र सुरक्षित बनाउन कार्ययोजना निर्माणका लागि खाँका तयार गर्नु ।

युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयको आयोजनामा **"युनेस्कोका नवप्रवर्तनहरूको प्रचार प्रसार"** सम्वन्धी कार्यशाला गोष्ठी ओखलढुंगाबजारमा मिति २०७६ फागुन ३ गते सम्पन्न गरियो । उक्त कार्यक्रममा ओखलढुंगा सिद्धिचरण नगरपालिका प्रमुख, उपप्रमुख, नगर शिक्षा समितिका पदाधिकारी र वडाअध्यक्ष लगायतका जनप्रतिनिधिहरू जिल्लाका विभिन्न विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, शिक्षक महासंघका प्रतिनिधि शिक्षा प्रेमी, शिक्षासंग सरोकार राख्ने संघ संस्थाहरूका पदाधिकारीहरूको सहभागिता रहेको थियो ।

कार्यक्रममा शाखा अधिकृत श्री कुमार बस्नेतले कार्यक्रमको औचित्य एवं उद्देश्य माथि प्रकास पार्नु भएको थियो भने कार्यक्रमका सहभागीहरूलाई शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख श्री भिम प्रसाद मिश्रले स्वागत गर्नु भएको थियो । कायक्रमको उद्देश्य तथा कार्यक्रमका विषयवस्तुहरूको बारेमा शाखा अधिकृत कुमार बस्नेत बाट सहजिकरण भएको थियो । कार्यक्रमको सहजिकरण शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख भिम प्रसाद मिश्र, जिल्ला आयोजना कार्यान्वयन इकाइ प्रमुख बलबहादुर कार्की र नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री रामेश्वर प्रसाद पोखरेलबाट समेत भएको थियो ।

कार्यक्रममा युनेस्को सम्बद्ध विद्यालय परियोजना सञ्जाल (एयसपीनेट) को वारेमा जानकारीमूलक प्रस्तुतीकरण, युनेस्को सम्बद्ध विद्यालय परियोजना सञ्जाल यसका कार्यहरू यसमा कसरी आवद्ध भई कार्य गर्न सकिन्छ भन्ने वारेमा जानकारी गराउँनका साथै धेरै भन्दा धेरै विद्यालयहरू यसका आवद्ध हुनु पर्नेमा जोड लिइएको थियो भने युनेस्को सम्बद्ध विद्यालय परियोजना सञ्जालमा आवद्ध हुनका लागि परियोजना प्रस्ताव तयारीको सामान्य जानकारी हुनुपर्ने भएकोले परियोजना प्रस्ताव कसरी तयार गरिन्छ र यो तयारीको क्रममा के के कुरामा विचार पुर्‍याउनु पर्छ भन्ने कुरामा महत्वपूर्ण जानकारी दिइएको थियो ।

## कार्यक्रमका केही झलकहरू





*कार्यक्रममा नगर प्रमुख, उपप्रमुख, इकाई प्रमुख र सहभागिहरू*

हाम्रा विद्यालयहरूमा Green, Clean, Safe र Peace लाई प्रवर्द्धन गर्न तयार गर्नु पर्ने कार्ययोजना तयार गर्नु विभिन्न संघसंस्था, गैरसकारी संस्थाहरू र सरकारी संस्थाहरूवीचको साझेदारीमा कसरी Global Citizenship Education लाई प्रवर्द्धन गर्न सकिन्छ भन्ने वारेमा जानकारी गराईएको थियो ।



*प्रमुख प्रशासकीय अधिकृतबाट मन्तव्य र सहजिकरण*



*कार्यक्रममा सहभागिहरु*

नेपालले दिगो विकासका लागि शिक्षा अन्तरर्गतको चौथो लक्ष्य गुणस्तरीय शिक्षामा सवैको पहुँच र सन् २०३० सम्ममा शिक्षाले लिने बाटोको वारेमा विशेष जानकारी गराइएको थियो। प्रस्तुतीकरणमा Sustainable Development लाई विद्यालय क्रियाकलापमा कसरी लागु गर्न सकिन्छ र यसको माध्यमबाट हाम्रा विद्यालयहरूमा Green, Clean, Safe र Peace का क्षेत्रमा के कसरी लागु गर्ने सकिन्छ भन्ने वारेमा प्रस्तुत गर्नु भएको थियो। वहाँले Sustainable Development Goals (SDGs) को वारेमा सहभागीलाई जानकारीमूलक प्रस्तुती गर्नुका साथै जसमा SDG का विश्वव्यापी १७ वटा Goal को वारेमा चर्चा गरिएको थियो। विशेषगरी Goal 4 मा रहेको गुणस्तरीय शिक्षाको वारेमा विस्तृत रुपमा प्रस्तुति गरिएको थियो। सहजिकरणको क्रममा इकाइ प्रमुखबाट बालमैत्री विद्यालयका मापदण्डहरू लगायत अन्य विद्यालय, र स्थानीय स्तरमा तर्जुमा गर्ने कार्यक्रम तथा शैक्षिक योजनाको बारेमा छलफल गरिएको थियो।

प्रस्तुतिको क्रममा सिद्धिचरण नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत बाट स्थानीय सरकारले शिक्षा योजना तर्जुमा गरि पेस गरेका उपयुक्त कार्यक्रमको लागि बजेट विनियोजन गर्ने र कार्यक्रम छुट्याईने र स्थानीय सरकार सञ्चालन ऐन र विद्यमान ऐन कानून र कार्यविधिको बारेमा सहजिकरण गरिएको थियो।

कार्यक्रमबाट विद्यालयहरूले सिक्ने मौकाका साथै विद्यालयले दैनिक रुपमा गरिने पठन पाठनका साथै अन्य विविध विषय बस्तुहरूलाई जस्तै जलवायु परिवर्तन शिक्षा, फोहोर व्यवस्थापन, करेसा वारे आदीको वारेमा सहभागीलाई जानकारीमूलक प्रस्तुतीकरण गर्नुका साथै जसमा जलवायु परिवर्तनले देशका विभिन्न ठाउँहरू, क्षेत्रहरूमा के कसरी असर पुऱ्याएको छ भन्ने कुरामा देखेका भोगेका कुराहरूको चर्चा गरिएको थियो।

**उपलब्धी :**

- युनेस्कोको निमित्त नेपाल राष्ट्रिय आयोगको र सचिवालयको काम, कर्तव्य र उत्तरदायित्वबारे जानकारी भएको।
- दिगो विकासका लक्ष्य र राष्ट्रिय प्रारुपका आधारमा शिक्षा योजना तर्जुमा गर्ने प्रतिबद्धता
- नगरपालिकाले शिक्षाको योजना तथा कार्यक्रमको लागि आबश्यक पर्ने सबै सहयोग गर्ने प्रतिबद्धता।
- युनेस्को आबद्ध विद्यालय परियोजना सञ्जालमा आवेदन दिने र एएसपिनेटको सदस्य बन्ने चाहना विद्यालयबाट व्यक्त।
- कार्ययोजना तर्जुमा गर्दा हरित विद्यालय, सफा, शान्त र सुरक्षितको दृष्टिकोणले कार्ययोजना तर्जुमा गरिने।
- सबै पक्षहरूको सहभागिताबाट गरिएका अनुभव आदान प्रदानले सिकाइ भएको र विद्यालय, समुदाय, विव्यस, विद्यार्थी, अभिभावक लगायत सरोकारवाला सुसुचित भएको।

**ख) चितवन**

युनेस्कोको नवप्रवर्तनहरूको प्रचार प्रसार कार्यक्रम अर्न्तगत चितवनको माडीमा अहिले सार्वजनिक शिक्षा प्रणालीको सवलीकरण नेपाल सरकारको उच्च प्राथमिकताको विषय बनेको छ। सरकारले नीति तथा कार्यक्रम मार्फत २०७६ देखि २०८५ सम्मलाई सार्वजनिक विद्यालय सवलीकरण दशकको रुपमा घोषणा गरी अभियानात्मक रुपमा विभिन्न प्रयासहरू अघि बढाइरहेको छ। "हामी सबैको प्रण, सार्वजनिक शिक्षा प्रणालीको सवलीकण" भन्ने मूल नाराका साथ यस बर्षको शैक्षिक सुधारका गतिविधिहरू अघि बढाइएको सन्दर्भमा चितवन जिल्लाको माडमिा मिति २०७६ फागुन ४ मा संचालन गरिएको नवप्रर्वतनात्मक कार्यक्रम देहाय बमोजिम सम्पन्न भएको थियो।

**कार्यक्रमको उद्देश्य**

युनेस्कोको निमित्त नेपाल राष्ट्रिय आयोगको आयोजनामा सञ्चालीत नवप्रवतनात्मक कार्यक्रमको उद्देश्य देहायबमोजिम रहेको थियो

(क) युनेस्को र यसका कार्य तथा उद्देश्यको प्रवोधीकरण गर्नु

(ख) सार्वजनिक विद्यालयहरूको असल अभ्यासको आदान प्रदान गर्नु,

(ग) सार्वजनिक विद्यालयप्रति आम सरोकारवालाको चासो बृद्धि गर्नु,

(घ) सार्वजनिक विद्यालयको रुपान्तरणका लागि सरोकारवालाहरूलाई उत्प्रेरित, सचेत र जागरुक बनाउनु,

(ङ) सार्वजनिक विद्यालय सवलीकरणका लागि मार्गचित्र निर्माण गर्नु,

**कार्यक्रम सञ्चालन प्रकिया**

**कार्यक्रम उद्घाटन तथा शुभारम्भ** : प्रमुख अतिथि माडी नगर पालिकाको मेयर ठाकुर ढकालबाट कार्यक्रम उद्घाटन, आयोजक र सहभागीहरूलाई आपसमा परिचित हुन सबैलाई क्रमशः आफ्नो परिचय आदान प्रदान।युनेस्कोको निमित्त नेपाल राष्ट्रिय आयोगको तर्फबाट कार्यक्रमको उद्देश्यमाथि प्रकाश।

**सार्वजनिक विद्यालय सवलीकरणको विद्यमान सन्दर्भ र असल अभ्यास आदान प्रदान** : मुलतः पावरप्वाइन्ट प्रस्तुतीकरण गर्दै सार्वजनिक विद्यालय सवलीकरणको अर्थ र आवश्यकता प्रस्तुतीकरण, सार्वजनिक विद्यालय सवलीकरणका लागि भएका नीतिगत एवम् कानूनी प्रयासहरूका सम्बन्धमा प्रस्तुतीकरण, (राष्ट्रिय शिक्षा नीति २०७६, पन्धौं योजनाको आधारपत्र, विद्यालय क्षेत्र विकास योजना, सरकारको नीति तथा कार्यक्रम, चालू आर्थिक बर्षको बजेट र अन्य), नेपालका उत्कृष्ट सार्वजनिक विद्यालयहरूको असल अभ्यास प्रस्तुतीकरण माडीका दुई उत्कृष्ट विद्यालयको आफ्नो अनुभव प्रस्तुत, सार्वजनिक विद्यालय सवलीकरणका विविध क्षेत्रहरू प्रस्तुत, सहभागीहरूबाट सार्वजनिक विद्यालयका विद्यमान समस्या र त्यसका समाधानका उपायहरूका सम्बन्धमा विचार व्यक्त।

**सार्वजनिक विद्यालय सवलीकरणका क्षेत्रहरू पहिचान र मार्गचित्र निर्माण** : विभिन्न सरोकारवाला पक्षहरू समेटिने गरी सहभागीहरूलाई मिश्रित समूहमा विभाजन, मार्कर र कार्डबोर्ड पेपर वितरण यरी सार्वजनिक विद्यालय सवलीकरणका लागि कुन कुन क्षेत्रमा सुधार गर्नुपर्छ? भन्ने प्रश्नमा आधारित रहेर छलफल, क्षेत्रहरू पहिचान गरिसकेपछि सार्वजनिक विद्यालय सवलीकरणका लागि मार्गचित्र समूहगत रुपमा निर्माण।

**सार्वजनिक विद्यालय सवलीकरणको मार्गचित्र प्रस्तुतीकरण** : समूहगत रुपमा तयार पारिएको सार्वजनिक विद्यालय सवलीकरणको मार्गचित्र प्रस्तुत समूहगत प्रस्तुतीकरण उपर छलफल एवम् पृष्ठपोषण र पृष्ठपोषणका आधारमा मार्गचित्र सुधार

**सार्वजनिक विद्यालय सवलीकरणको साझा मार्गचित्र निर्माण र घाषणा** (३० **मिनेट**): सबै समूहको मार्गचित्रमा समेटिएका विषयहरूबाट साझा विषयहरू पहिचान, सहजकर्ताले निर्माण गरेको मार्गचित्र (नमूना) उपलब्ध गराइयो सबैको सहमतिमा साझा मार्गचित्र निर्माण, मार्गचित्र कार्यान्वयनको प्रतिवद्धता सहित २७ वुदे घोषणा जारी भएको थियो ।

**प्रतिविम्बन र समापन** : सहभागीको तर्फबाट अयोद्यापूरी आधारभुत विधालयका प्र.अ.बाट एक दिने कार्यक्रमको समीक्षा गर्नु भएको थियो। समापनका क्रममा माडी नगरपालिकाका प्रशाशकीय प्रमुख मन्तव्य राख्नु भएको थियो ।

**ग) गोरखा**

मिति २०७६ फागुन ९ गते गण्डकी प्रदेशको एक ऐतिहासिक जिल्ला गोरखाको वारपाक सुलिकोट गा.पा. अन्तरगत २०७२ साल वैशाख १२ को भूकम्प केन्द्रविन्दु रहेको वारपाक गाउँमा अवस्थित श्री हिमालय मा.वि.को सभाकक्षमा युनेस्कोका नव प्रवर्तनहरूको प्रचार प्रसार सम्बन्धी एक दिवसीय कार्यशाला गोष्ठी सम्पन्न भयो ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव श्रीमान् महेश प्रसाद दाहालको प्रमुख आतिथ्यता एवम् वारपासुलिकोट गा.पा.का अध्यक्ष श्री विष्णुप्रसाद भट्टको अध्यक्षतामा सम्पन्न उक्त गोष्ठीको सञ्चालन एवम् विषयवस्तुको प्रस्तुती युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगका सहायक महासचिव डा. बावुराम अधिकारीले गर्नु भएको थियो ।

कार्यक्रममा वारपाक सुलिकोट गा.पा.भित्रका विद्यालयहरूका प्रधानाध्यापकहरू, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवम् प्रतिनिधिहरू, शिक्षकहरू उक्त मा.वि.मा अध्ययनरत विद्यार्थीहरू गरि जम्मा ४८ जना सहभागीहरूले त्यस क्षेत्रका शैक्षिक समस्याहरू, समाधान गर्नुपर्ने उपायहरूको विषयमा श्रीमान् सचिवज्यू समक्ष सहभागीहरू बीच छलफल एवम् अर्न्तक्रियात्मक कार्य भएको थियो। त्यसैगरि युनेस्कोसँग सम्बन्धित विषयहरूमा डा. बावुराम अधिकारीसँग अर्न्तक्रिया, छलफल भएको थियो। उक्त कार्यक्रममा नेपाली कांग्रेसका जिल्ला सभापति श्रीहरि घले, प्रधानाध्यापक जनीबहादुर घले, विव्यस अध्यक्ष श्री वीरबहादुर घले, समन्वय इकाइ प्रमुख खेम पौडेल, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयका उपसचिव डा. ध्रुवराज रेग्मी, सामुदायिक सिकाइकेन्द्र अभियन्त भीम पोखेल लगायतबाट विषयवस्तुमा केन्द्रित रहेर आफ्ना गहन विचारहरू राख्नु भएको थियो ।कार्यक्रमको समापन पश्चात श्रीमान् सचिवज्यू सहितको टोलीबाट वारपाक गाउँको अवलोकन गरिएको थियो ।



*शिक्षा सचिव श्री महेशप्रसाद दाहाल सहायक महासचिवन डा बावुराम अधिकारी समेत कार्यक्रममा*



*कार्यक्रममा सहभागीहरु अन्तर्कियामा*



*कार्यक्रममा सहभागीहरु*



*बारपाक गोरखा*

**घ) सप्तरी**

युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयको आयोजनामा **'युनेस्कोका नवप्रवर्तनहरूको प्रचार प्रसार'** सम्वन्धी कार्यशाला गोष्ठी सप्तरी जिल्लाको राजविराजमा मिति २०७६ फागुन २१ सम्पन्न गरियो। उक्त कार्यक्रममा सप्तरी जिल्लाका विभिन्न शिक्षासंग सरोकार राख्ने संघ संस्थाहरूका पदाधिकारीहरू सहभागी रहनु भएको थियो। जसमा राजविराज नगरपालिका पदाधिकारीहरू, शिक्षा विकास तथा समन्वय इकाईका प्रमुख तथा पदाधिकारीहरू, नगर/गाउँ शिक्षा समितिका पदाधिकारीहरू, न.पा/गा. पा. शिक्षा हेर्ने अधिकृतहरू, वडा अध्यक्षहरू, सदस्यहरू, शिक्षा सम्बन्धी गैर सरकारी संस्थाका प्रतिनिधिहरू, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू, प्रधानाध्यापकहरू, शिक्षकहरू एवम् विद्यार्थीहरूको सहभागितामा कार्यक्रम सम्पन्न गरिएको थियो।

शिक्षा विकास तथा समन्वय इकाई प्रमुख श्री फणिन्द्र खत्रीको सभापतित्वमा उत्घाटन सत्रको आयोजन गरिएको थियो। उक्त सत्रमा राजविराजन नगर पालिकाका उपमेयर श्री साधना झाज्यूले प्रमुख अतिथिको रुपमा सहभागी भई कार्यक्रमको सफलताको लागि शुभकामना दिनुभएको थियो। सविधान सभा सदस्य एवम् युनेस्को आयोगका सदस्य श्री रञ्ज झाज्यूले प्रमुख अतिथिको रुपमा उत्घाटन सत्रमा मन्तव्य व्यक्त गर्नु भएको थियो।

युनेस्काका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयका सचिव श्री खगराज पौड्यालले कार्यक्रमको औचित्य एवं उद्देश्यमाथि प्रकास पार्नुका साथै सहभागी महानुभावहरूलाई युनेस्कोको स्थापना, आदर्श, सदस्ययताका साथै युनेस्को आयोगका परिचय समेत राख्दै उपस्थित महानुभावहरूलाई स्वागत गर्नु भएको थियो।

युनेस्को आयोगका सदस्य श्री रञ्जु झाबाट दिगो विकासलाई विद्यालय क्रियाकलापमा कसरी लागु गर्न सकिन्छ र यसको माध्यमबाट हाम्रा विद्यालयहरूमा ग्रिन, क्लिन, सेफ र पिसका क्षेत्रमा के कसरी लागु गर्ने सकिन्छ भन्ने बारेमा स्थानीय भाषामा निश्चित कार्य योजना तयारी गरी सोही बमोजिम कार्यक्रम गर्ने गरी अर्न्तक्रियात्मक रुपमा सहजिकरण गर्नु भएको थियो।

**कार्यक्रमको उपलब्धी :**

- युनेस्कोको स्थापना, विषय क्षेत्र, आदर्श आदीको वारेमा धेरै कुराको ज्ञान, जानकारी प्राप्त भएको
- युनेस्कोका नवीनतम अवधारणाहरूलाई जनस्तरसम्म प्रचारप्रसार गर्ने कार्य भएको
- जलवायु परिवर्तनका असरहरू न्यूनीकरण, वातावरण संरक्षण, फोहोर व्यवस्थापन, हरियाली, सर-सफाई, शान्ति र सुरक्षा (Green, Clean, Peace and Safe) लगायतका क्षेत्रहरूमा विद्यालय तहमा गरिएका अनुकरणीय एवम् उदाहरणीय क्रियाकलापहरूबाट सिकाइ भएको।
- निश्चित कार्ययोजना तर्जुमा गरि युनेस्कोको आदर्श बमोजिम विद्यालयहरूबाट प्रतिबद्धता।
- प्रस्तुत गरिएका थिए।

## कार्यक्रमका केही झलकहरू



*सभासद् रञ्जु झा र अन्य अतिथि*



*सहभागीहरू*



*इकाइ प्रमुखबाट सम्बोधन*



*सहभागीहरू*



सहभागीबाट विचार व्यक्त



उपमेयर राजविराज न.पा., श्री साधना झाज्यूबाट शुभकामना मन्तव्य व्यक्त



सभासद् रञ्जु झाबाट सम्बोधन



सहभागीहरू

# Mitsubishi Asian Children's Enikki Festa 2019-2020

Mitsubishi Asian Children's Enikki Festa 2019-2020 एसियाका बालबालिकाहरूलाई उनीहरूको चित्र डायरी मार्फत एक आपसमा परिचित गराउने तथा आफ्नो कला र संस्कृतिलाई एसियाका अन्य भागमा प्रचार प्रसार गर्न गराउनका लागि Mitsubishi Public Affairs Committee/Asian Pacific Federation of UNESCO Clubs and Associations/National Federation of UNESCO Associations in Japan को आर्थिक सहयोगमा युनेस्काका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयले सार्वजनिक सूचना आह्वान गरी बालचित्र कला प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन गरियो।

यस कार्यक्रममा ६ देखि १२ बर्ष उमेरका बालबालिकाहरूलाई **'यहि हो मेरो जीवन'** विषयसँग सम्वन्धित प्रति विद्यार्थी ५ वटा फरक फरक चित्रहरूको डायरी बनाउनका लागि मिति २०७६। ४। १६ को गोरखापत्रमा सूचना प्रकाशित गरिएको थियो। यस्तै आ-आफ्नो जिल्लाबाट विद्यार्थीलाई चित्र डायरी बनाउन अभिप्रेरित गर्न ७७ ओटै जिल्लाका शिक्षा विकास तथा समन्वय इकाई सँग समन्वय गरि कार्यक्रममा सहभागी हुन आह्वान गरिएको थियो। करिव २००० बालबालिकालाई यस कार्यक्रममा संलग्न गराउने उद्देश्यले प्रति बालबालिका Drawing Sheet -5, Colour-1, Pencil -1, Eraser -1 / Pencil Sharpener -1 उपलब्ध गराउने गरी ७७ ओटै शिक्षा विकास तथा समन्वय इकाइहरूमा सामग्री पठाइएको थियो।

यसरी पठाइएका चित्रकलाहरू संकलन भएपछि बरिष्ठ कलाकारहरूको मूल्याङ्कन समितिको गठन गरी उहाँहरूकै मूल्यांकनबाट ८ बालबालिकाका उत्कृष्ठ बालचित्र डायरी छनौट गरी जापानमा हुने अन्तर्राष्ट्रिय प्रदर्शनीमा सहभागी गराउन चित्र डायरीहरू पठाइने छ। बालचित्र डायरी देहाय बमोजिमका जिल्ला र प्रदेशहरूबाट ४६८ जना बालबालिकाहरूको बालचित्र डायरी युनेस्को सचिवालयमा प्राप्त भएको।

जम्मा २३३ छात्र र २३५ छात्राहरूले भाग लिएका थिए।

बालचित्र डायरी छनौटका लागि छनौट सिफारिस समिति गठन भएको र सो समितिबाट निम्न बमोजिमका जिल्लाहरूबाट तपसिल बमोजिमका ८ ओटा उत्कृष्ठ बालचित्र डायरी छनौट गरिएको

१. ब्रिसिका तामाङ, वर्ष १२, कक्षा ६, श्री महमाई आधारभूत विद्यालय, इलाम नगरपालिका ९, इलाम
२. प्रेममाला यादव, वर्ष १२, कक्षा ६, श्री सिद्धार्थ मा. वि., चिनीमिल, वीरगञ्ज १४, पर्सा
३. अविनाश रेग्मी, वर्ष ११, कक्षा ४, गुडस्टार्ट बोर्डिङ स्कुल, धुनिबेसी न. पा. ६, धार्के बजार, धादिङ
४. भावना भुजेल, वर्ष ११, कक्षा ४, तरुण मा. वि., बालाजु, काठमाडौं
५. अनुष्का कुमारी, वर्ष १२, कक्षा ४, निलबाराही मा. वि., काठमाडौं
६. पूर्णिमा बुढाथोकी, वर्ष १२, कक्षा ७, जयबागेश्वरी मा. वि.,

नेपालगञ्ज, बाँके

७. सन्ध्या शाही, वर्ष ११, कक्षा ७, श्री जनसेवा मा. वि., धुम्रा, सुर्खेत

८. मनीषा गुरुधामी, वर्ष ११, कक्षा ७, श्री बैजनाथ मा. वि., नयाँ तिलकपुर, कञ्चनपुर

उत्कृष्ठ उल्लेखित ८ जना बालबालिकाहरूका बालचित्र डायरीहरू जापानमा पठाइने छ र उल्लेखित बालबालिकाहरूलाई जापानबाट देहाय बमोजिमको पुरस्कृत गरिने कार्यक्रम रहको छ।

**पुरस्कार :**

- **Grand Prix Award (एकजना)**

(प्रत्येक ग्रान्ड प्रिक्स अवार्ड विजेतालाई जापानको अध्ययन भ्रमणको निम्तो प्राप्त हुनेछ।) एक जना अभिभावक सहित १५ दिन सम्मको जापानको अध्ययन भ्रमण प्राप्त हुने।

- Asian Pacific Federation of UNESCO Clubs and Associations Award (एकजना)
- Mitsubishi Public Affairs Award (एकजना)
- National Federation of UNESCO Associations in Japan Award (एकजना)
- Excellence Award (चारजना)
  - छनौट भएका आठ ओटा बालचित्र डायरी माघ १७ सम्म NFUAJ जापानमा पठाइने।
  - २०२० को अप्रिल महिनामा International Screening हुने।
  - २०२० का मे महिनामा Annuounce the Screening Result हुने।



*शिक्षा सचिवज्यूको संयोजकत्वमा कला विशेषज्ञहरूसँग बैठक बस्दै*



*आर्थिक सहयोग गर्ने सहयोगी सस्थाका तर्फबाट जापान युनेस्को क्लबका पदाधिकारीसँग बैठक बस्दै*



*शिक्षा सचिव श्री महेशप्रसाद दहालज्यूको संयोजकत्वमा बैठक बस्दै*



*राष्ट्रिय प्रदर्शनीको उद्‌घाटन कार्यक्रममा सचिवज्यू लगायत अतिथिहरू*



*राष्ट्रिय प्रदर्शनीका क्रममा विभिन्न विद्यालयका छात्र छात्राहरू*



*जापान पठाउन छनौट भएका उत्कृष्ठ ८ बालचित्र डायरीहरू राष्ट्रिय प्रदर्शनीका क्रममा*

# एएसपिनेट र युनेस्को क्लब तथा संघ संस्थाहरूको कार्यक्रम

युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सहयोगमा युनेस्को एएस.पी.नेट नेपालकोआयोजनामा दैलेख जिल्लाको दुल्लुमा मिति २०७६ फागुन ८ गते दैलेख जिल्लाको दुल्लुमा एएस.पि.नेट अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको थियो ।

**कार्यक्रमको उद्देश्य :**

१) युनेस्को सम्बद्ध विद्यालय परियोजना सञ्जालको वारेमा जानकारी गराउने,

२) युनेस्को सम्बद्ध विद्यालय परियोजना सञ्जालमा आवद्ध गराउने पहल गर्ने,

३) युनेस्कोका नविनतम अवधारणाहरू स्थानीय तहसम्म प्रचार प्रसार गर्ने ।

४) युनेस्को र युनेस्को सम्बद्ध विद्यालय परियोजना सञ्जालका क्रियाकलापहरूको वारेमा स्थानीय स्तरमा जानकारी गराउनु ।

५) युनेस्को संघ संस्था तथा क्लवहरूको राष्ट्रिय माहासंघको वारेमा वानकारी गराउनु ।

कार्यक्रमको उद्घाटन सत्रको दुल्लु नगर पीलकाका प्रमुख श्री घनश्याम भण्डारीको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो । प्रमुख अतिथिबाट युनेस्को एएसपीनेट को कार्यक्रम विद्यालयहरूको लागि आवश्यक भएको बताउनु भयो । विश्वका विभिन्न देशका विद्यालयहरू संग सम्वन्ध बनाउन र आफुले गरेका कुराहरू एक आपसमा जानकारी गराउन यो उपयोगी भएको बताउनु भएको थियो । यस दुल्लु क्षेत्र संस्कृतिको धनि भएको बताउनु हुदै युनेस्को नेपालको संस्कृति समितिले पनि यस अघि यस ठाउमा भएका सांस्कृतिक सम्पदाको वारेमा विवरण संकलन गरेको बताउनु भयो । उहांले दुल्लु जस्तो ऐतिहासिक ठाउमा युनेस्कोले कार्यक्रम संचालन गर्नु दुल्लुवासी लगायत दैलेख वासीहरूको लागि महत्वपूर्ण रहेको बताउनु भयो ।

कार्यत्रममा अर्का अतिथि दुल्लु नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत श्री ज्ञानमणी नेपालले युनेस्को एएसपीनेटको यस कार्यक्रमबाट विगद्यालय, शिक्षक तथा विद्यार्थीहरू लाभान्वित हुने बताउनु भयो । शिक्षक महासंघ दैलेख जिल्ला अध्यक्ष, शिक्षा विकाश समन्वय इकाइका निं प्रमुखले जिल्ला भरीका सामुदायिक सार्वजनिक शैक्षिक गुठी तथा संस्थागत विद्यालयका प्रधानाध्यापक प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

कार्यकममा एएसपीनेटका राष्ट्रिय संयोजक श्री मिमकाजी श्रेष्ठले कार्यक्रमका वारेमा प्रकाश पार्नु भएको थियो । युनेस्को संघ संस्था तथा क्लवहरूको राष्ट्रिय महासंघका महासचिव तथा एएसपीनेट संयोजन समितिका सदस्य श्री महेश्वर प्रसाद शर्माले संचालन गर्नु भएका थियो ।

गणेश मा.वि.का शिक्षक तथा एएसपीनेट संयोजन समितिका सदस्य श्री मातृका सुवेदीले एएसपीनेटको OTA का वारेमा बताउनु हुदै यसका उपादेयताका वारेमा बताउनु भयो ।

विद्यालयहरूले Green, Cleen, Sefe, Peace को अवधारणा विद्यालयमा लागु गर्नु पर्ने र विद्यालयहरूले निश्चित कार्ययोजना निर्माण गरि कार्य गर्नु पर्ने विषयक्षेत्रमा सबै सहभागीहरूको सहमति भएको थियो ।

**विषय समितिहरूको बैठक**

युनेस्कोको निमित्त नेपाल राष्ट्रिय आयोग अर्न्तगत रहेका विषयगत समितिहरूबाट युनेस्को पेरिससँगको सहभागितामूलक कार्यक्रम अर्न्तगत सन् २०२०।२०२१ मा सञ्चालन तथा व्यवस्थापन गरिने परियोजनाहरू सचिवालयबाट प्रकाशित सूचना बमोजिम विभिन्न समिति अर्न्तगत परेका विभिन्न परियोजनाहरूको मूल्यांकन, छनौट तथा सिफारिस कार्य सम्पन्न गरियो ।



*शिक्षा समितिको बैठक*



*शिक्षा समितिको बैठकमा समितिका संयोजक प्रा.डा. बासुदेव काफ्ले*



*विज्ञान र आइएचपिको संयुक्त बैठक*



*महेशप्रसाद भट्टराईको संयोजकत्वमा आइएचपि समितिको बैठक बस्दै*



*प्रा.डा. रमेश कुमार मास्केको संयोजकत्वमा बैठक बस्दै*



*सह.प्रा.डा. श्यामु थापा मगरको संयोजकत्वमा बैठक बस्दै*



*आमसञ्चार समितिको बैठक समितिका संयोजक हरिगोविन्द लुइटेलको संयोजकत्वमा बस्दै*



*रमेश रञ्जन झाको संयोजकत्वमा संस्कृत समितिको बैठक बस्दै*

# भवन हस्तान्तरण कार्यक्रम सम्पन्न

नेपाल र कोरियाका युनेस्कोका निमित्त राष्ट्रिय आयोगहरूको सहयोगमा निर्माण गरिएको गोरखाकोक स्थित लोकरत्न सामुदायिक सिकाइ केन्द्र गण्डकी गा. पा. वडा ८, घ्यालचोक, गोरखाको भवन हस्तान्तरण कार्यक्रम सम्पन्न भएको छ।

गोरखा र धादिङको सिमानामा पर्ने गण्डकी गाउँपालिकास्थित घ्यालचोकमा कोरियन नेसनल कमिसन फर युनेस्कोको सहयोगमा निर्माण गरिएको लोकरत्न सामुदायीक सिकाई केन्द्रको नयाँभवन नेपाल सरकार मार्फत लोकरत्न सामुदायिक सिकाई केन्द्रलाई हस्तान्तरण गरिएको छ।

मिति २०७६ मंसिर २८ देखि ३० गते (तद्नुसार डिसेम्वर १४ देखि १६ तारिख) सम्म कोरियन नेसनल कमिसन फर युनेस्को तथा प्राविधिक इन्जिनियर सहितको प्रतिनिधि मण्डल नेपाल आई मंशिर २९ (डिसेम्वर १५ तारिख) का दिन नवनिर्मित भवनको उद्घाटन गरी लोकरत्न सामुदायिक सिकाई केन्द्रलाई हस्तान्तरण गर्ने कार्य सम्पन्न गरियो।



*घ्याल्चोक सा.सि. केन्द्र भवन*



गुणस्तरीय शिक्षा, समावेसी तथा न्यायोचित र गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि जीवन पर्यन्त सिकाईका अबसरहरूको प्रवर्द्धन गर्ने लक्ष्यका साथ यो सिकाई केन्द्रको स्थापना गरिएको कोरियन युनेस्कोका निमित्त राष्ट्रिय आयोगका महासचिवले Mr Kwangho KIM ले व्यक्त गर्नु भयो। यो भवन नेपालको लागि सहयोगको सुरुआत मात्र हो भोलीका दिनमा सहयोगको बृद्धि तथा सहकार्य गरिने प्रतिवद्धता जनाउनु भयो।






सिकाई केन्द्रको भवन निर्माण भएपछि यस भेगका महिला तथा बालवालिकाहरूका लागि आधारभुत कुराहरूको ज्ञान र सिप प्रदान गर्नका लागि ज्यादै उपयोगी हुने कुरा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव एवम् युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगका महासचिव श्री महेश प्रशाद दहालले कार्यक्रममा व्यक्त गर्नु भयो। यस सिकाई केन्द्रमा ब्यवस्थित पुस्तकालय, कम्प्युटर कक्षा लगाएत अन्य सिपहरू सिकाउनका लागि पुर्वाधार स्थापना गरिने कुरामा समेत जोड दिनु भयो। कार्यक्रममा युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयका सहायक महासचिव डा. बाबुराम अधिकारीले भवन निर्माण कार्यको वारेमा विस्तृत जानकारी गराउनु भएको थियो। सचिवालय सचिव तथा सचिवालयका अन्य पदाधिकारीहरूको हस्तान्तरण कार्यक्रममा सहभागिता रहेको थियो। त्यसै गरी कोरियाबाट कोरियन नेसनल कमिसन फर युनेस्कोका प्रतिनिधिहरू लगाएत प्राविधिक इन्जिनियरको पनि सहभागिता रहेको थियो।



*लोकरत्न सामुदायिक सिकाइ केन्द्रका अध्यक्ष श्री विष्णुमणी रेग्मीले सिकाई केन्द्रको भवन निर्माणमा सहयोग पुर्‍याउने संघसंस्था, व्यक्ति, प्राविधिकहरूलाई धन्यवाद दिनु भयो। त्यसै गरी स्थानीय सरकारका प्रतिनिधिहरू गा. वि. स. अध्यक्ष, वडा अध्यक्षहरू एवम् सर्व साधारणको उल्लेख उपस्थिती रहेको थियो।*

# COINN Japan को आठौं एशियाली युवा सम्मेलन काठमाडौंमा सम्पन्न

प्रत्येक बर्ष जापानमा रहेको सामुदायिक सिकाइ केन्द्रहरूको क्षमता अभिबृद्धि तथा विविध क्रियाकलापमा संलग्न रहेको Conference of Okayama International NGO Network(COINN) संस्थाले विभिन्न कार्यक्रम सञ्चालन गर्ने क्रममा सन् २०२० को लागि नेपालमा आठौं एशियाली युवा सम्मेलन काठमाडौंमा आयोजना गर्न युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगलाई अनुरोध गरेको थियो। सो कार्यक्रमलाई आयोजना गर्न शिखरापुर सामुदायिक सिकाई केन्द्रको व्यवस्थापन र शिक्षा विकास तथा मानव श्रोत केन्द्रको सहयोग एवम् युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयले समन्वय गरी मिति २०७६ माघ २३ र २४ गते (तद्नुसार फेव्रअरी ६ र ७) शिखरापुर सामुदायिक सिकाई केन्द्र, फर्पिडमा सम्पन्न गरियो। कार्यक्रमलाई मुख्य रुपमा दुई भागमा विभाजन गरिएको थियो। पहिलो सामुदायिक सिकाई केन्द्रका परिचारिकाहरूको निवन्ध लेखन प्रतियोगिता र दोश्रो सामुदायिक सिकाई केन्द्रका पदाधिकारीहरूको अभिमुखिकरण तालिम कार्यक्रम रहेको थियो।

निवन्ध प्रतियोगितामा पहिलो र दोश्रो हुने सहभागीलाई पुरस्कार स्वरुप एक हप्ताको जापान अध्ययन भ्रमण रहेको थियो। निवन्ध प्रतियोगितामा स्वयम्भु सामुदायिक सिकाई केन्द्र, स्वयम्भु, काठमाडौबाट सहभागी हुनु भएको परिचारिका श्री विना डंगोल, प्रथम र धुसा सामुदायिक सिकाई केन्द्र, बेनीघाट, धादिङबाट सहभागी हुनु भएकी परिचारिका श्री सविता थपलिया, दोश्रो भई जापानको अध्ययन भ्रमणको मौका प्राप्त गर्नु भएको छ। देशको विभिन्न स्थानबाट सहभागी हुन आउन भएका करिव ३० वटा सिकाइ केन्द्रका ३० जना सहभागीले निवन्ध प्रतियोगिता र अभिमुखिकरण कार्यक्रममा भागलिनु भएको थियो।

सोही अवसर पारी सिखरापुर सामुदायिक सिकाई केन्द्रले देशभरका ८० वटा सामुदायिक सिकाई केन्द्रका करिव १३० जना प्रतिनिधीहरू सहभागी गराई सामुदायिक सिकाई केन्द्रको राष्ट्रिय भेला समेत आयोजना गरेको थियो। सो राष्ट्रिय भेलामा युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगमा सहायक महासचिव डा. बाबुराम अधिकारी, शिक्षा विकास तथा मानव श्रोत केन्द्रका उपसचिव श्री दिनेश घिमिरे, युनेस्को काठमाडौ अफिसका प्रतिनिधि, सिखरापुर सामुदायिक सिकाई केन्द्रका अध्यक्ष लगायतका पदाधिकारीहरूको सहभागिता रहेको थियो।



**विविध :**

- युनेस्को सचिवालयको समन्वयमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट विभिन्न चरणको बैठक, छलफल तथा अन्तर्क्रिया पछि दिगो विकासका लागि शिक्षा राष्ट्रिय कार्यढाँचा शिक्षा २०३० स्वीकृत भईसकेको छ। यस अवसरमा विभिन्न गोष्ठी, बैठक तथा अन्तर्क्रियात्मक कार्यक्रमहरू सञ्चालन भएका थिए। उक्त कार्यक्रम सम्पन्न भए पश्चात कार्यढाँचा स्वीकृतिको चरणमा पुगेको थियो।
- विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गै.स.स., युनेस्को क्लब, महासंघहरूसँग युनेस्कोको आदर्श र उद्देश्य प्राप्त गर्ने सम्बन्धमा सचिवालयसँग विभिन्न चरणमा छलफल एवम् अन्तर्क्रियात्मक कार्यक्रमहरू सञ्चालन गरिएको थियो।
- युनेस्को काठमाण्डौले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, युनेस्को सचिवालयसँगको आवश्यक समन्वयमा शैक्षिक, सांस्कृतिक क्षेत्रका विभिन्न विषयमा छलफल एवम् अन्तर्क्रियात्मक कार्यक्रम सम्पन्न गरेको थियो।


**प्रमुख सल्लाहकार**
श्री महेश प्रसाद दहाल

**विशेष सल्लाहकार**
डा. बाबुराम अधिकारी

**सल्लाहकार**
श्री खगराज पौड्याल

**सम्पादक**
श्री कुमार बस्नेत
श्री उषा लामिछाने
श्री शंकर अधिकारी
श्री नगेन्द्र प्रसाद दाहाल
श्री उषा पोखरेल
श्री पदम राज जोशी

**व्यवस्थापक**
श्री विष्णु प्रसाद लामिछाने
श्री शिव प्रसाद सुयल
श्री शिव राम बस्नेत

**व्यवस्थापन सहयोगी**
श्री सुरेन्द्र महर्जन
श्री शारदा अधिकारी
श्री निर्मल कुमार चौधरी
श्री शेर बहादुर तामाङ

**प्रकाशक**
**युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालय**
सिंहदरवार, काठमाडौं
फोन नं. ४२०५५९, ४२००५६०, फ्याक्स नं. ४२००५६१
इमेलः unesconatcomnepal@gmail.com
वेवसाइट : www.nncu.org.np

मुद्रक : **जुगल प्रिन्टर्स एण्ड ट्रेडर्स**
अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०५५२९, jugalprinters2008@gmail.com